विगो नं. १५२

## रुकुम जिल्ला अदालतवाट जारी भएको

## लिलाम बढाबढको सूचना।

श्री रुकुम जिल्ला अदालत मुसिकोट

वादी बाँके जिल्ला नेपालगंज उपमहानगरपालिका वडा नं. २ बस्ने चंचल रस्तोगी प्रतिवादी रुकुम जिल्ला विजयश्वरी गा.वि.स. वडँ नं. १ हाल जिल्ला बाँके नेपालगंज उपमहानगरपालिका वडाँ नं. ४ बस्ने प्रेम प्रकाश वली भएको लेनदेनको बिगो भराई पाउँ मुद्दामा बाँके जिल्ला अदालतको मिति २०७८।९।२७ गतेको फैसला बमोजिम वादीले प्रतिवादीवाट विगो साँवा रु. २३,८५,०००।– (तेईस लाख पचासी हजार) रुपैया समेत जम्मा रु. ४८,२२,८०७।– (अट्चालीस लाख बाँईस हजार आठ सय सात) रुपैयाँ प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम यस अदालतमा दाखिला गर्न समेत नल्याएको हुँदा वादीले फैसला अनुसार प्रतिवादीवाट भरी पाउने लेनदेनको बिगो तपसिल बमोजिमको सम्पतिवाट भराइ पाउँ भनी वादीको निवेदन परी काम कारवाही भई प्रतिवादी प्रेम प्रकाश वलीको नाउको उक्त सम्पति मिति २०८३।१।२७ गते दिनको १० बजे देखि दोस्रो पटक डाँक लिलाम हुने भएकोले डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको निमित यो सूचना प्रकाशित गरिएको बेहोरा सूचित गरिन्छ।

तपसिल

१.यस अदालतको तहसिल शाखामा मिति २०८३।१।२७ गते दिनको १०.०० बजेदेखि ४.०० बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकबोल गर्न सकिन्छ।

२.डाँक लिलाम तोकिएको दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट डाँक लिलाम हुनेछ।

३.कायम भएको न्यूनतम पञ्चेकृते मूल्यवाट डाँक बढाबढ गर्नु पर्नेछ।

४. डाँक लिलाम बखत बोलकबोल गरेको अंकको १० प्रतिशत हुन आउने रकम सोही दिन दाखिला गर्नुपर्नेछ। बाकी बोल कबोल रकम डाँक लिलाम भएका मितिवाट ७ दिन भित्र दाखिला गर्नुपर्नेछ। त्यसरी ७ दिन भित्र बाकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिला भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशित गरीनेछ।

५.डाँक लिलाम बढाबढ हुदा सबै भन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक सकार गराईन्छ।

६.डाँक लिलाम सम्वन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नुहोला।

७. डाँक लिलाम हुने जेथाको विवरण

| सि.न | जिल्ला | गा.वि.स. | वडा | कि.न. | क्षे.फ.व.मी | दर्तावाला | लिलाम हुने मुल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | रुकुम | विजयश्वरी | १ | ३६३ | ०२२७० | प्रेम प्रकाश वली | २७,२४,०००।- | |
| २ | रुकुम | विजयश्वरी | १ | २३० | ०१५४० | ,, | १८,४८,०००।- | |
| ३ | रुकुम | विजयश्वरी | १ | ३१२ | ०२३८०ब.मी. मध्ये ००२०९ ब.मी.उत्तर तर्फ | ,, | २,५०,८०७।- | |
| | | | | | | जम्मा | ४८,२२,८०७।- | |

ईतिसंवत २०८२ साल चैत्र महिनाको १० गते रोज शुभम्.............................................।